दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

सडक सबैको साझा सम्पत्ति हो, त्यसको संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व हो,
त्यसैले,
- सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं।
- निर्माण सामग्री सडकमा नथुपारौं।
- सडकमा सवारी साधन धुने नगरौं।
- सडकका नालीमा अवरोध नगरौं।
- सवारी आवागमनमा बाधा नपुऱ्याऔं।
लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

वर्ष ३७ | अंक ७५ | बुटवल | २०८१ फागुन २६, गते सोमबार | नेपाल संवत ११४५ | Monday Mar. 10, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## कुलमानले बुझाए स्पष्टीकरण



बुटवल । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले मन्त्रिपरिषद्को २१ गतेको निर्णयानुसार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले ४ बुँदामा मागेको सफाइ पेस गरेका छन् ।

१६ पृष्ठ लामो सफाइ पत्र ऊर्जा मन्त्रालयमा बुझाएका हुन् ।

मन्त्रिपरिषद् बैठकले २१ गतेको निर्णयअनुसार कुलमानलाई ४ बुँदामा सफाइ पेस गर्न मौका दिएको उल्लेख गरेको थियो । सोहीअनुसार ऊर्जा मन्त्रालयले २२ गते पत्र पठाउँदै स्पष्टीकरण मागेको थियो ।

कुलमानले १६ पृष्ठको सफाइ पत्रमा गत वर्षको कार्यसम्पादन प्रतिवेदन पेस नगरी मन्त्रालय र उनीबिच ०७८ माघ ५ गते भएको कार्यसम्पादन सम्झौताको शर्त उल्लंघन गरेकोले सम्झौता अन्त्य गरी नियुक्ति रद्द नगर्ने भन्ने प्रश्नको ७ बुँदामा जवाफ दिएका छन् ।

त्यसैगरी उनले भारत-नेपाल ऊर्जा व्यापारबारे सहमतिपत्रमा गरेको हस्ताक्षरबारे पनि सातै बुँदामा जवाफ दिएका छन् ।

» *बाँकी ३ पेजमा*

## शिक्षक महासंघले आन्दोलन जारी राख्ने

बुटवल । विद्यालय शिक्षा ऐन जारी नभएसम्म शिक्षक महासंघले आन्दोलन जारी राख्ने निर्णय गरेको छ ।

महासंघको आइतबार बसेको बैठकले आन्दोलन जारी राख्ने निर्णय गरेको हो । 'ऐन जारी नभएसम्म आन्दोलन जारी रहन्छ । सोमबार पत्रकार सम्मेलन गरेर आन्दोलनका कार्यक्रम सार्वजनिक गर्छौं ।'- महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले भने ।

शनिबार पहिलो चरणको आन्दोलन सकिए लगत्तै आइतबार महासंघको बैठक बसेर दोस्रो चरणको आन्दोलन गर्ने निर्णय गरेको हो । २०८० मा सरकारसँग भएको सहमति अनुसार ऐन जारी गर्नुपर्ने र निवृत्तिभरण अध्यादेश खारेजको माग राखेर महासंघले चरणबद्ध आन्दोलन गर्दै आएको छ ।

गत २९ पुसमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेको सुशासन, प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशमा निवृत्तिभरण कोष ऐन २०७५ को दफा ९ मा 'शिक्षक सेवा' थप गर्ने भनिएको छ ।

यो प्रावधानले २०७५ देखि नै शिक्षक योगदानमा आधारित पेन्सनमा सहभागी हुन बाध्य हुने शिक्षकहरूको तर्क छ । तर, सरकारले अध्यादेश आएको मितिबाट लागू हुने बताए पनि यसमा शिक्षकहरूले मानेका छैनन् । सरकारको वचनमा विश्वास नगर्ने अडान महासंघको छ ।

# २३औं तिलोत्तमा गोल्डकप चैत ९ देखि

**नेपालका तीन विभागीय र भारतको एकसहित ८ टीमले प्रतिस्पर्धा गर्ने प्रतियोगिताको विजेताले १२ लाख २२ हजार र उप-विजेताले ६ लाख ६६ हजार नगद पुरस्कार पाउनेछन् ।**

**टिआर शर्मा**
*बुटवल*

पञ्चायत कालदेखि सुरु भएकोरुपन्देहीको पुरानो र प्रतिष्ठित तिलोत्तमा गोल्डकप फुटबल प्रतियोगिताको २३औं संस्करण चैत ९ गतेदेखि हुने भएको छ ।

२०७५ मा २१औं संस्करणको प्रतियोगितापछि कोरोना महामारी लगायतका कारणले २२औं संस्करण २०७९ मा भएको थियो ।

गत वर्ष पनि गोल्डकप हुन सकेको थिएन ।

जिल्ला फुटबल संघ रूपन्देहीले आइतबार गरेको पत्रकार सम्मेलनमा संघका अध्यक्ष लोक पुनले प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको बताए ।

नेपालका तीन विभागीय र भारतको एउटासहित ८ टीमले प्रतिस्पर्धा गर्ने प्रतियोगिताको उपाधि विजेता टिमले नगद १२ लाख १२ हजार २ सय २२ रुपैयाँ, उपविजेता टिमले ६ लाख, ६६ हजार, ६ सय, ६६ रुपैयाँ नगद पुरस्कार पाउने उनले बताए ।

यसैगरी विधागततर्फ उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिड फिल्डर, फरवार्ड र कोचलाई जनही नगद ३१ हजार तथा सर्वोत्कृष्ट खेलाडीलाई स्कुटर वा मोटरसाइकल उपहार तथा प्रत्येक दिनको म्यान अफ दी म्याचलाई नगद ११ हजार १ सय ११ रुपैयाँबाट पुरस्कृत गरिने प्रतियोगिताका सह संयोजक सुजन पुनले बताए ।

प्रतियोगितामा रुपन्देही-११, संकटा एफसी, मच्छिन्द्र एफसी, चर्च ब्वाईज क्लब, नेपाल आर्मी क्लब, नेपाल पुलिस क्लब, एपिएफ क्लब, एडोर्न गडवाल स्पोर्टिङ क्लब भारतले प्रतिस्पर्धा गरेछन् ।

पत्रकार सम्मेलनमा नगरप्रमुख खेलराज पाण्डेयले प्रतियोगिताका लागि उपमहानगरले ४० लाख रुपैयाँ विनियोजन गरेको बताए । चैत १६ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा १ करोड ८ लाख रुपैयाँ ८८ हजार रुपैयाँ खर्च हुने अनुमान रहेको छ । प्रतियोगिताको सबै नगद पुरस्कार यशोदा फुड्स र त्रिमूर्ति इन्डस्ट्रीज रूपन्देहीले प्रायोजन गरेको जिल्ला फुटबल संघ रुपन्देहीका महासचिव हिमाल गौचनले जानकारी दिए ।

यसपटकको प्रतियोगिता विगतभन्दा व्यवस्थित बनाउने गरी विभिन्न उपसमितिमार्फत् काम भइरहेको गौचनले बताए । प्रतियोगिताका दर्शकका लागि यसपटक स्मार्ट शौचालयको व्यवस्था भएको उनले जानकारी दिए ।

गोल्डकप प्रतियोगिताले बुटवलको होटेल तथा पर्यटन व्यवसाय चलायमान बनाउने व्यवसायीको अपेक्षा छ ।





### *कहिले कसले जिते ?*

| | |
|---|---|
| २०३३ - | सिद्धार्थ खेलकुद परिषद्, रुपन्देही |
| २०३४ - | बम्बई फर्टिलाईजर, भारत |
| २०३५ - | महेन्द्र पुलिस क्लब, काठमाडौँ |
| २०३९ - | कालिका स्पोर्टिङ्ग क्लब, बुटवल |
| २०४० - | कालिका स्पोर्टिङ्ग क्लब, बुटवल |
| २०४१ - | कालिका स्पोर्टिङ्ग क्लब, बुटवल |
| २०४२ - | जनकपुर चुरोट कारखाना लि. जनकपुर |
| २०४३ - | आर.एन.ए.सी., काठमाडौँ |
| २०५१ - | महेन्द्र पुलिस क्लब, काठमाडौँ |
| २०५२ - | महेन्द्र पुलिस क्लब, काठमाडौँ |
| २०५३ - | महिन्द्रा एण्ड महिन्द्रा, भारत |
| २०५४ - | त्रिभुवन आर्मी क्लब, काठमाडौँ |
| २०५५ - | महेन्द्र पुलिस क्लब, काठमाडौँ |
| २०५७ - | रुपन्देही ११, रुपन्देही |
| २०५८ - | फ्रेण्ड्स क्लब, काठमाडौँ |
| २०६५ - | नेपाल आर्मी क्लब, काठमाडौँ |
| २०६७ - | जावलाखेल युथ क्लब, काठमाडौँ |
| २०७१ - | रुपन्देही ११, रुपन्देही |
| २०७३ - | सीएमजी संकटा, काठमाडौँ |
| २०७४- | थ्रीस्टार क्लब, काठमाडौँ |
| २०७५ - | डाफिन्स युनाइटेड अफ्रिका |
| २०७९- | मनाङ मर्स्याङ्दी क्लब |
| २०८१ - | ? |

# राजावादीको प्रदर्शनबारे के भन्छन् दलहरू ?

**सरकारकै कारण प्रतिक्रियावादी शक्तिहरू उत्साहित भएका प्रचण्डको आरोप छ भने एमाले महासचिव शंकर पोखरेलले चुनावमा भाग लिएर दुई तिहाई बहुमतबाट राजतन्त्र उल्ट्याउन चुनौती दिएका छन् ।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

पूर्वराजा ज्ञानेन्द्र शाह पोखराबाट त्रिभुवन विमानस्थल आउंदा राजावादीहरुले स्वागतका क्रममा काठमाडौँ शक्ति प्रदर्शन गरेका छन् । विमानस्थलदेखि निर्मल निवाससम्म भएको शक्ति प्रदर्शनमा राजसंस्था समर्थकहरुको उल्लेख्य सहभागिता थियो । सुरक्षा निकायले १० हजार जना उपस्थित हुने आंकलन गरेको भए पनि त्यो भन्दा धेरै मान्छे पूर्व राजालाई स्वागत गर्न विमानस्थलदेखि निर्मल निवाससम्म पुगेका थिए ।

पूर्वराजालाई स्वागत गर्न दिउँसैदेखि राजावादी विभिन्न स्थानमा भेला भएर ऱ्यालीसहित विमानस्थलको द्वारसम्म पुगेका थिए । समर्थकहरूले शाहलाई फूल, माला र खादाले स्वागत गरेका थिए । उनीहरुले राजसंस्थाको पक्षमा र प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध नाराबाजी गरेका थिए ।

पूर्वराजालाई स्वागत गर्न राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष कमल थापा, विवादास्पद मेडिकल व्यवसायी दुर्गा प्रसाईंसहित ठूलो संख्यामा समर्थकहरू विमानस्थलको मुख्यद्वारमा भेला भएका थिए । ऱ्यालीका क्रममा गाडीमा उभिएर पूर्वराजा शाहले आफ्नो समर्थकहरुको अभिनन्दन स्वीकार गर्नुका साथै हात हल्लाएर खुसी व्यक्त गरेका थिए ।

राजावादीको प्रदर्शनलाई लक्षित गरेर काठमाडौंमा सुरक्षा व्यवस्था निकै कडा बनाइएको थियो । त्यसका बाबजुद ठूलो संख्यामा उपस्थिति भएपछि राजावादीहरु उत्साहित भएका छन् भने प्रमुख राजनीतिक दलहरु सशंकित भएका छन् ।

**सरकारका कारण राजावादी उत्साहित : प्रचण्ड**

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एमाले नेतृत्वको सरकारका जनविरोधी गतिविधिका कारण प्रतिक्रियावादी शक्तिहरू उत्साहित भएको बताएका छन् ।

नेपाली जनप्रगतिशील मञ्च जापानको दोस्रो साधारण सभालाई आइतबार भर्चुअल रूपमा सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले यस्तो बताएका हुन् ।

माओवादी केन्द्र जनताबिच पुगेर प्रतिक्रियावादी र अराजक तत्वहरूविरुद्ध संघर्ष गर्ने तयारीमा रहेको उनले बताए । राजावादीको गतिविधिका कारण माओवादीले तराई-मधेश जागरण अभियान केही दिन स्थगित गरेको समेत प्रचण्डले बताए ।

ठूलो दलको सरकार बन्नुपर्ने अवस्थामा पनि असंवैधानिक र अलोकतान्त्रिक रूपमा सरकार गठन भएकाले पनि राजावादीहरुलाई खेल्ने मौका मिलेको प्रचण्डको भनाइ छ ।

**दुई तिहाई ल्याएर राजतन्त्र उल्ट्याउ : पोखरेल**

सत्तारुढ दल नेकपा एमालेका महासचिव शंकर पोखरेलले संविधानसभाले नै एकमतका साथ संस्थागतरूपमा राजतन्त्र अन्त्य गरेकाले अहिले राजा फर्काउँछु भन्नु असम्भव रहेको बताएका छन् । उनले ज्ञानेन्द्र शाहलाई दलहरूले मौका दिएको तर उनले नै राजतन्त्र जोगाउन नसकेको टिप्पणी गरे । दलहरूले राजासँग सम्झौता गरेको भन्दै भ्रमको खेती भएको उनले बताए । संविधान परिवर्तनीय रहेको स्मरण गर्दै उनले दुई तिहाइको जनादेश ल्याएर राजतन्त्र उल्टाउन राजावादीलाई चुनौती दिएका छन् ।

» *बाँकी ३ पेजमा*



## सम्पादकीय

# आशा जगाउने प्रयास

नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा पहिलोपल्ट प्रधानमन्त्रीकप पुरूष राष्ट्रिय क्रिकेट प्रतियोगिताका सबै खेल लुम्बिनी प्रदेशमा हुनु लुम्बिनी प्रदेशवासीका लागि गौरवको विषय हो। पहिलोपल्ट काठमाडौं बाहिर र सबै खेल लुम्बिनी प्रदेशमा आयोजना गर्न आयोजकको छनौटमा पर्नुले यहाँ खेल पूर्वाधार राम्रो बनेको संकेत हो । यस्ता प्रतियोगिता आयोजना हुनुले यहाँको पर्यटन प्रवर्द्धनमा बल पुग्नेछ । राजधानी बाहिर पनि ठूला प्रतियोगिता गर्न संभव छ भन्ने सन्देश यो प्रतियोगिताले दिएको छ।

नेपाल खेलकुद पूर्वाधारमा कमजोर भएको टिकाटिप्पणी भइरहेका बेला अहिले पूर्वाधारका केही काम भएका छन् । राज्यले पनि खेलकुद पूर्वाधार निर्माणमा प्राथमिकता दिन थालेको छ। निजी क्षेत्रले पनि खेलकुद पूर्वाधार निर्माणमा चासो दिन थालेको छ । काठमाडौंको कीर्तिपुर क्रिकेट स्टेडियमलाई सुविधासम्पन्न बनाउने गरी काम अघि बढेको छ । रूपन्देहीको तिलोत्तमामा अष्ट्रेलियमा बस्दै आएका युवाउद्यमी विनोद कुँवरले सुविधासम्पन्न क्रिकेट स्टेडियम बनाइरहेका छन् । भैरहवास्थित सिद्धार्थ रंगशालाको पूर्वाधार विकासमा लगानी बढाएको छ । अहिले लुम्बिनीमा हुने प्रतियोगिता दाङको लमही, भैरहवा र तिलोत्तमाको एक्टाटेक ओभल मैदानमा हुँदैछ। लमही र भैरहवाको मैदान सरकारी हुन् भने तिलोत्तमाको एक्टाटेक ओभल निजी हो।

चैत १६ गतेसम्म हुने प्रतियोगिताका ४६ खेलमध्ये भैरहवाको सिद्धार्थ रंगशालामा सबैभन्दा बढी १७, तिलोत्तमाको एक्टाटेक ओभलमा १५ र दाङको लमहीमा १४ खेल हुनेछन् । खेलले समाजलाई जोड्छ। प्रतिस्पर्धा, सहमति र सहकार्य हुने भएकाले समाजलाई सकारात्मक लयमा लैजान खेलको महत्पूर्ण भूमिका हुन्छ। फुटबलभन्दा पछिल्लो पल्ट क्रिकेटको बढ्दो क्रेजले नेपालमा क्रिकेटको राम्रो संभावना छ। क्रिकेटका आशालाग्दा खेलाडी मैदानमा आइरहेका छन्। यसले मुलुकको पहिचान र गौरव स्थापित गर्न सघाउ पुग्ने आशा गर्न सकिन्छ।

नेपालको पहिचान विश्वको अग्लो चुचुरो सगरमाथा र गौतमबुद्धको जन्मस्थल लुम्बिनीको देश भनेर चिनिन्छ। यी परम्परागत पहिचानका साथै खेलकुदमा पूर्वाधार विकास गरेर नयाँ प्रतिभावान खेलाडी जन्माउन सके मुलुकको पहिचान खेलकुदबाट पनि हुनसक्छ। क्रिकेट त्यो पहिचान दिने एउटा क्षेत्र हो। क्रिकेटको पूर्वाधार विकासमा निजी क्षेत्रको आगमनले धेरै संभावना खोलेको छ। राज्यले पूर्वाधार विकास राम्रो गर्न नसकिरहेको बेला निजी क्षेत्रको आगमनले राज्यलाई पनि पूर्वाधार विकासमा लगानी बढाउन बल पुगेकोछ।

# सेयर बजार ४६ अंकले घट्यो



काठमाडौं । सेयर बजार परिसूचक (नेप्से) आइतबार झिनो अंकले घटेको छ। सोमबारदेखि घट्न थालेको नेप्से साताको पहिलो दिन आइतबार ४६.३३ अंकले घटेको हो। योसँगै बजार परिसूचक २७७२.१० विन्दुमा ओर्लिएको छ। आज बजारमा १० अर्ब ०१ करोड रुपैयाँ बराबरको कारोबार भयो।

बजारमा २४ कम्पनीको मूल्य बढेको छ। २१७ कम्पनीको मूल्य घटेको छ भने बाँकी २ कम्पनीको मूल्य स्थिर रहेको छ। बजारमा पनि गार्डियन लाइफसहित तीन कम्पनीको इन्स्योरेन्सको शेयरमा सकारात्मक सर्किट ब्रेकर लागेको छ।

त्यसरी सर्किट लाग्ने कम्पनीमा आइसीएफसी फाइनान्सको डिबेञ्चर र भोगोल इनर्जी रहेका छन् । उपकार लघुवित्त र सिन्धु विकास बैंकको शेयर १० प्रतिशतले घटेको छ।

बजारमा सबै समूहको सूचक घटेको छ । सबैभन्दा धेरै अन्य समूह र इन्भेष्टमेन्ट समूहको शेयर घटेको छ। कारोबार रकमका आधारमा पनि हिमालयन रि-इन्स्योरेन्स १ अर्ब १२ करोड रुपैयाँसहित अगाडि छ।

कारोबार संख्याका आधारमा भने पनि गार्डियन लाइफ इन्स्योरेन्स अगाडि रह्यो।

# धर्मनिरपेक्षताको कालो सत्य !



प्रा.डा. गोविन्द उपाध्याय

पूर्वप्रधानमन्त्री प्रचण्ड स्वायत्त नागरिक हुन्। प्रचण्डमात्रै होइन नेपालको संविधानले हरेक नेपाली नागरिकलाई यही स्वतन्त्रता प्रदान गरेको छ। आफ्नो इच्छाले धर्मकर्म गर्न पाउने व्यवस्था संविधानले नै गरेको छ। प्रचण्ड महाकाल मन्दिर जाउन वा कुनै मस्जिद वा चर्चमा, उनको निजी स्वतन्त्रता हो। नेपालको संविधान अमेरिका, भारतसहित मुस्लिम, बौद्ध तथा इसाइराष्ट्रको भन्दा निकै प्रगतिशील छ - राजनैतिक नेतृत्वले यही भनिरहेको छ। तर, नेपालभित्र भने हिन्दूहरूप्रति यही राजनैतिक संयन्त्र निकै अनुदार र होस गुमेको छ।

भविष्यमा नेपाल हिन्दूराष्ट्र हुनुपर्छ कि पर्दैन ?- यो राजनैतिक बहसको विषय हो । भारतको राष्ट्रिय स्वयंसेवक संघका नेपाली संस्थाहरू हिन्दूराष्ट्रका पक्षमा उभिएका छन् भने भारतकै शिव सेना, आदित्यनाथ तथा पुरीका शंकराचार्य राजासहितको हिन्दूराष्ट्रको पक्षमा उभिएका छन् । नेपालभित्र नै जरोकिलो भएका केही दलहरू राजाका सवालमा जनताको अभिमत बुझेर निर्णय गर्ने पक्षमा छन् भने राप्रपाजस्ता केही राजनैतिक पार्टीहरू संवैधानिक राजतन्त्रका पक्षमा उभिएका छन् । भविष्यमा राजतन्त्र स्थापित हुन्छ कि हुँदैन- भविष्यका हातमा छोडौं, तर 'हामीलाई राजा चाहिन्छ' भन्ने र 'हामीलाई राजा चाहिन्न' भन्ने दुवै पक्षहरू नेपाली संविधानले दिएको अधिकार प्रयोग गरिरहेका छन्।

सन् १९४१ को २७ डिसेम्बरका दिन भागलपुरमा बसेको २३औं बैठकमा तत्कालीन हिन्दु महासभाले 'विश्वको एकमात्र हिन्दू राष्ट्र नेपालका राजा जसले हिन्दूराष्ट्रका पक्षमा काम गरेका छन्, धन्यवाद दिने निर्णय गरिन्छ' भन्दै नेपाललाई विश्वको एकमात्र हिन्दुराष्ट्र भन्ने मान्यता दिएको छ । डा. हेदेगवरले आफ्नो प्रसिद्ध पुस्तक स्वराजमा पनि यही तत्थ्य उल्लेख गरेका छन् । त्यसैले सन् १९५१ पहिले नेपाल हिन्दुराष्ट्र थिएन भन्नु धुर्त्याइँ हो र अन्य समुदायलाई हेप्थे भन्ने तत्थ्यलाई स्वयं पृथ्वीनारायण शाहले लखनउबाट मुस्लिम बोलाएर गोरखामा बसाएको तत्थ्य अस्वीकृत हुन्छ। हिन्दू राष्ट्रका सवालमा नेपालीहरूको आवाजलाई तत्कालीन सभामुख सुवासचन्द्र नेम्वाङले धोका दिएको प्रष्ट नै छ। जनमतसंग्रहको नाटक गरेर, जनताको अभिमतलाई सधैंका लागि लुकाइएको थियो।

भारतले आफ्नो स्वार्थ हेर्छ। यदि भारतको स्वार्थ नेपाल हिन्दूराष्ट्र बन्दा पूरा हुन्छ भने त्यही गर्छ र गणतन्त्रबाट पूर्ण हुन्छ भने उसलाई केही आपत्ति हुँदैन। भारत वा विश्वका अन्य कुनै देशले उचालेको भरमा राजतन्त्र, हिन्दूतन्त्र वा गणतन्त्र आए पनि अर्थविहीन हुन्छ। नेपाली जनताको सम्मान गर्ने र नेपालीलाई बुझ्ने राजतन्त्र वा लोकतन्त्र जुनसुकै भए पनि जनताका लागि स्वीकार्य नै हुन्छ । त्यसमा पनि आलंकारिक राजाका विपक्षमा नेपाली जनता हुँदैनन्। वाम-समाजवादीहरूले यो तत्थ्य बुझेका छन् तर जेलनेलको 'कपट' र 'अहङ्कार'ले दल र दलीय व्यक्तिहरूको स्वार्थलाई बुझ्ने गर्छ, राष्ट्रको स्वार्थलाई होइन।

नेपाली जनसंख्याको ८१ प्रतिशत हिन्दुहरू छन् । महाकाल पुगेर पूजाआजा गरेका प्रचण्डले त्रिभुवन हवाई अड्डाको विशिष्ट कक्षबाट नै 'आफू धर्मनिरपेक्षतावादी' भएको स्पष्टिकरण दिए। बाबुराम भट्टराई, केपी ओली, शेरबहादुर देउवाहरूलाई ८१ प्रतिशत हिन्दू जनताको विपक्षमा उभिन र धर्मनिरपेक्षताको वकालत गर्न निकै महत्वपूर्ण लाग्छ । देउवा, ओली, प्रचण्ड, भट्टराईहरू चर्च, मस्जिदमा गएर 'टोपी र क्रस'को पक्षमा बोल्दा 'धर्मनिरपेक्षता'मा कुनै आघात हुँदैन। आफ्नो कट्टरपन्थी विचार र क्रियाकलापका लागि वदनाम 'इसाई-मुस्लिम'ले धर्मनिरपेक्षताको रक्षा कसरी गर्ला ? विश्वका ठूलाठूला विद्वानसँग यसको जवाफ छैन, तर नेपाली बाम-समाजवादीहरूसँग छ। तर, त्यो ती स्वयंले पनि पत्याउन सक्ने अवस्थामा छैन।

निश्चय नै नेपाली नागरिकका रूपमा जुनसुकै धर्ममा विश्वास गर्ने र मान्नेप्रति कुनै पनि प्रकारको भेदभाव गर्नु हुँदैन। तर गणतन्त्रपछि खुलेका ७७३५ चर्चहरू र ३५८० वटा नयाँ मस्जिदहरूले नेपाली समाजमा 'कट्टरपन्थ' बढ्दैछ भन्ने प्रष्टसँग सङ्केत गरिरहेको छ। कुनै पनि रैथाने नेपालीले यहुदी, इसाई वा मुस्लिमहरूप्रति अपमान गर्ने, उहाँका पुजस्थलहरूमा क्षति पुर्‍याउने कल्पनासम्म गर्न सक्दैन । तर जब आफ्नै छिमेकको चर्च र मदरसा वा मस्जिदबाट प्रष्टरूपमा गालीगलौज गरेको, आराध्य तथा आराधना शैलीको आलोचना गरेको सुनिन्छ, त्यसले चित्त दुख्छ। गालीगलौज गर्नेहरूलाई 'धर्मनिरपेक्षता'का नाममा राज्यले संरक्षण गरेको देखेपछि 'हातमा दही जमाएर बस्ने' अवस्था रहन्न । कट्टरपन्थीहरूको उग्र स्वभावको दोष हिन्दूहरूमा थोपर्ने राजनैतिक 'धर्मनिरपेक्षता'वादीसँग हिन्दू जनसंख्या खुसी हुँदैन।

अमेरिका, बेलायत र हालका दिनहरूमा भारतीय सञ्चारमाध्यमहरूले पनि 'उग्रपन्थी'हरूको नाम नै लिएर समाचार प्रसारण गर्न थालेका छन् । नेपालमा भने 'दुई समुदाय' भन्नेजस्ता काइते शब्दावली प्रयोग गरेर कट्टरपन्थीहरूलाई संरक्षण प्रदान गरिन्छ । एकातिर उग्रपन्थीहरूको कुनै धर्म हुँदैन भन्ने अर्कोतिर तिनै उग्रपन्थीहरूको बचाउँका लागि हिन्दुहरूलाई दोष दिने ! 'देओप्र'हरूले यो कुरा नबुझेका होइनन् तर घृणावादीहरूलाई जोगाउनुपर्ने र 'विशेष समुदाय'का मान्छेहरूको संरक्षण गर्नुपर्ने मानसिकता अचम्मको छ। विश्वास गरौँ, वर्तमान लोकतन्त्रको चिहान पनि यसै मानसिकताका कारणले खनिने छ! ८१ प्रतिशत हिन्दुहरूको अपमान गरेर लोकतन्त्र सुरक्षित रहला भन्ने नसोचे हुन्छ।

भारतमा मुस्लिम तथा इसाइ आक्रान्तताले धेरै शताब्दिसम्म बूट बजारेको कारण र अंग्रेजहरूले शिक्षानीति नै 'विभाजन गर र राज गर' भन्ने लक्ष्यका साथ तयार गरेको हुँदा हिन्दुहरू विभाजित छन्। नेपालमा त्यस्तो परिस्थिति थिएन र छैन । नेपालीहरूको आफ्ना रैथाने आस्था र विश्वासप्रतिको स्वाभिमान मरेको छैन । गरिवीबाट मुक्ति पाइन्छ कि भनेर गणतन्त्र, लोकतन्त्र, राजतन्त्र वा अन्य तन्त्रहरूलाई स्वीकार गरेको हो। जुन मिति वा समयमा यी तन्त्रहरूप्रतिको विश्वास पूरै उठ्नेछ, त्यसैबेला हिन्दूहरूलाई हरदम दोषी देख्ने वर्तमान लोकतन्त्रको अन्त्य हुने छ । त्यसपछि कुन तन्त्र आउने छ भन्न सकिन्न, तर त्यो हिन्दूराष्ट्र पनि हुन सक्छ।

नेपाली हिन्दुहरूको चित्त त्यसै दुखेको होइन । नेपालको संविधानले धर्मपरिवर्तन गराउन पाइँदैन भन्छ तर सन् १९८६ सम्म केवल ४ वटा रहेका चर्च सन् २०२५ मा ७८७७ वटा पुग्छन्। यही गतिमा मस्जिद बढिरहेका छन्। आदिवासी-जनजातिहरूको आवरणमा हिन्दुधर्मलाई नै गालीगलौज गरिन्छ । अल्पसंख्यकका नाममा निरन्तर हिन्दुलाई गालीगलौज गरिरहने एक व्यक्तिको लागि राज्यले कानुन नै फेरिदिन्छ, तर हिन्दुहरूको आस्था वा पूजास्थलहरू, प्रतिमानहरूको अपमान हुँदा राज्य चूप लाग्छ र घृणावादीहरूको पक्षपोषण गर्छ। पूर्वप्रम बाबुराम भट्टराई, पूर्वप्रम प्रचण्ड, पूर्वप्रम माधव नेपाल तथा वर्तमान प्रम ओली सबैले 'चर्च'हरूको सेवा गरेका छन् । एउटा राजनैतिक व्यक्तिका लागि विभिन्न धार्मिक समूहहरूसँग समताको व्यवहार गर्नु उचित नै हो तर महाकालको दर्शन गरेर फर्केका प्रचण्डले 'सफाइ' दिनु निकै अनौठो तत्थ्य हो । युनिभर्सल चर्चको कार्यक्रममा समावेश भएकोमा नेपाल-ओलीले आत्मालोचना गरेका छैनन् तर हिन्दुहरूको अपमान नै गरेका छन्।

आजको मितिमा नेपाल बिरामी छ । मिडियामा आएका भ्रष्टाचार, नातावाद, फरियावाद, झोलावाद तथा घृणावादीहरू र धर्मपरिवर्तनवादीहरूसँग सरकारको साँठगाँठ देखेर नेपालीहरू गम्भीर बिरामी पर्न थालेका छन्। देशको बढ्दो ऋण, जति कर तिरे पनि सुविधाको अभाव र आर्थिक असुरक्षाले मान्छे आत्तिएको छ। मनभित्र निकै तनाव छ भने बाहिरको दबाबले मन फुट्लाजस्तो भएको छ। राजनैतिक अवस्था र व्यवस्था हदैसम्म तरल हुँदैछ। युवाहरू कि पलायन हुँदैछन् या त राजनैतिक शक्तिहरूसँग 'अन्तिम लडाइँ'को तयारी गर्दैछन् । आफ्नो आधारभूत आवश्यता पनि पूरा नहुने देखेपछि अन्तिम युद्ध 'विद्रोह' हो। राजतन्त्रातिरको झुकाव पनि यस्तै विद्रोहको संकेत हो। एकपटक मन र मानसिकता नै विद्रोही बनेपछि 'राजतन्त्र, लोकतन्त्र, प्रजातन्त्र' केही पनि बाँच्दैन । झोलावादको पूर्वाग्रहभित्र उपयुक्त विमर्शको कुनै मूल्य नै हुँदैन।

हिन्दुहरूको माइन्ड-सेट नै उदारवादी र वैचारिक रूपमा सबैलाई 'स्वीकार' गर्ने हुँदा हिन्दूहरूले 'छोड यार' भन्दै बेवास्ता गरेको अवस्था छ। सधैं यस्तै रहन्छ भन्ने छैन। कांग्रेस, एमाले, माओवादीजस्ता दलका सदस्यहरू हिन्दू नै छन् र ती धेरै छन्। जुन दिन हिन्दुहरूले आफ्नो अस्मिता र पहिचानसँग अनुचित व्यवहार गरेको 'अनुभूति' गर्छन्, त्यो दिन वर्तमान प्रणालीलाई धेरै नै गाह्रो हुनेछ। हिन्दुहरूले समाजवाद, मार्क्सवादजस्ता ट्यागहरू निकालेर फाल्नेछन्। त्यसबखत पार्टीका ह्वीपहरूले काम गर्ने छैनन् । झुक्ने बानी नभएको नेपालीले 'झोलेवाद'को त्याग गरेर आफ्नो पहिचान खोज्न थाले भने सत्तामा बसेर 'धर्मनिरपेक्षता'को नाममा हिन्दुहरूलाई गालीगलौज गर्नेहरू समाप्त हुनेछन्। 'अल्पसंख्यकलाई माया गर्नु भनेको हिन्दुहरूलाई अपमान गर्नु हो' भन्ने वर्तमान राजनैतिक सोचको आयु छोटो हुँदैछ।

सबैको सहने क्षमताको सीमा हुन्छ । सीमा समाप्त हुँदासाथ पड्किन्छ । कट्टरपन्थी, घृणावादी र राजनैतिक शक्तिहरूका बीचको प्रत्यक्ष गठबन्धनले नेपालका रैथाने शक्तिहरू आहत भएका छन् । मर्का परेपछि मान्छेसँग विकल्प रहन्न। आफ्नो मौलिक संस्कृतिमा निरन्तर प्रहारले हिन्दुहरू आहत भएका छन् । हिन्दुहरू विस्फोट हुँदा बाम-समाजवादका सबै सीमाहरूको अन्त्य हुनेछ। समयमा नै उचित व्यवस्थापन गरौँ, विस्फोट र त्यसले निम्त्याउने परिवर्तन घृणावादीका लागि पथ्यकर हुने छैन र यस्तो विस्फोटले द्वन्द्व बलियो बनाउने छ किनभने ८१ प्रतिशत हार्ने जनसंख्या होइन। 'उठ, जाग र आफ्नो श्रेष्ठ कर्तव्यलाई स्वीकार गर' भन्ने वैदिक आह्वान आज पनि सान्दर्भिक छ।

भारतीय राजनीतिझैँ आजको नेपाली धर्मनिरपेक्षताले केवल बहुसंख्यक हिन्दुहरूलाई 'धर्मनिरपेक्ष' रहेर अल्पसंख्यकको घृणा र राजनैतिक शक्तिहरूको घोचपेच सहनुपर्ने सल्लाह दिन्छ। संविधानमा लेखिएको समानता र अधिकारको प्रत्याभूति हिन्दुले दिनुपर्ने 'माइन्ड-सेट' राजनैतिक वृत्तमा छ भने अल्पसंख्यकको श्रेणीमा भएका व्यक्ति वा समुदायले बहुसंख्यकविरुद्ध जस्तोसुकै अपराध गरेपनि राज्यले आँखा चिम्लिन्छ भने हिन्दुहरूले सानो रक्षात्मक प्रतिक्रिया दिँदासमेत 'धर्मनिरपेक्षताको सम्मान गर्न र अल्पसंख्यकको अधिकारको पक्षमा उभिन' मिडिया-उपदेशहरू बर्सिन थाल्छन् । देश, राष्ट्र, समाज, संस्कृति, धर्मनिरपेक्षता, सहृदयताप्रति अल्पसंख्यकको कुनै उत्तरदायित्व हुँदैन।

ब पूर्वप्रम प्रचण्डले महाकाल मन्दिरको दर्शन गरे, नेपालको धर्मनिरपेक्षतावादी मिडिया र घृणावादलाई मलजल गर्ने 'बुद्धिजीवी'हरू उनका विरुद्ध सक्रिय देखिए । पत्नीको बिमारीबाट दुःखी प्रचण्डले धर्मनिरपेक्षता र अल्पसंख्यक विरोधी नभएको स्पष्टीकरण दिनु पर्‍यो। तत्कालीन मीडियाहरू गुगलमा सर्च गरे पुग्छ तर जब यिनै प्रचण्ड, ओली, नेपाल, भट्टराईहरू चर्च वा मस्जिदमा हाजिरी लगाउँछन्, धर्मनिरपेक्षताको सवालमा गरिन्न । पहेँलो टोपी हिन्दु कट्टरपन्थको सम्मान तर बिर्के टोपी धर्मनिरपेक्ष ! क्या गजवको भाष्य छ - नेपाली बुद्धिजीवी र सेक्युलर मिडियाहरूको ! हुन त प्रचण्ड आफै ती पात्र हुन् जसले आरम्भ गरेको तथाकथित 'जनयुद्ध'मा हिन्दु धार्मिक आस्थाहरू, प्रतीकहरूप्रति खुला आक्रमण गरिएको थियो। यसको अर्थ, मस्जिद र चर्चमा आक्रमण गर्नु पर्थ्यो भन्ने कदापि होइन।

अन्त्यमा, यदि कसैले हिन्दुहरूको अपमान गरेर सधैं सत्ताका टिक्न सकिन्छ भनेर विश्वास गर्छ भने त्यो गलत छ। जुनसुकै पार्टी वा मतमा लागेपछि जब मनमा चोट लाग्छ, त्यसले 'झोलावाद'को अन्त्य गरिदिन्छ । अल्पसंख्यकको सम्मान गरौँ तर हिन्दुहरूलाई अपमान नगरौँ । कुनै पनि वैदिक सनातनी हिन्दूले 'हातमा दही जमाएर बसेको छैन।' 'अति गरे खति हुन्छ' भन्ने उखानको सम्मान गरौँ।

घटना र विचारबाट

# नुन भण्डारण गर्दा ओसिलो हुनबाट कसरी जोगाउने ?



नुन हाम्रो भान्सामा प्रयोग हुने एक अत्यावश्यक मसला हो । यो हरेक भान्सामा नियमित रूपमा प्रयोग गरिन्छ।

तर नुन जतिसुकै सावधानीपूर्वक राखे पनि प्रायः यो केही समयपछि ओसिलो हुन्छ, जसले गर्दा यसलाई प्रयोग गर्न र भण्डारण गर्न धेरै गाह्रो हुन्छ। भिजेको नुन प्रयोग गर्न असुविधाजनक मात्र हुँदैन, यो कडा पनि हुन सक्छ।

आज हामी तपाईंलाई केही सजिलो र प्रभावकारी उपायहरू बताउन गइरहेका छौं जसको प्रयोगले तपाईंले नुनलाई ओसिलो हुनबाट पनि बचाउन सक्नुहुन्छ।

चामलले ओस सोस्ने गर्छ। नुन राख्ने डब्बामा थोरै चामल राखेर नुनलाई ओसिलो हुनबाट बचाउन सकिन्छ। चामलले नुनमा रहेको ओसिलोपन सोस्छ, जसले गर्दा नुन सुख्खा र प्रयोग गर्न सजिलो हुन्छ।

**हावा बन्द (एयरटाइट) भाँडा प्रयोग गर्नुहोस्**

नुनलाई सधैँ हावा नछिर्ने भाँडोमा राख्नुहोस्। खुला कन्टेनर वा प्याकेटमा नुन राख्नाले यसलाई ओसिलो पार्न सक्छ। हावा नछिर्ने भाँडोले नुनको ताजापन र सुख्खापन कायम राख्न मद्दत गर्छ।

**ल्वाङ, अलैँची वा दालचिनी थप्नुहोस्**

नुनको भाँडोमा एक वा दुईवटा ल्वाङ, अलैँची वा दालचिनी थप्दा सुगन्ध मात्र कायम रहँदैन, यसले ओसिलोपन पनि सोस्छ । यी मसलाहरूको प्राकृतिक गुणले नुनलाई भिज्नबाट रोक्छ।

**बेकिङ सोडा प्रयोग गर्नुहोस्**

बेकिङ सोडा ओसिलोपन अवशोषित गर्न धेरै प्रभावकारी हुन्छ । बेकिङ सोडाको यो गुणले नुनलाई भाँडोमा भण्डारण गर्न उपयुक्त बनाउँछ। नुनको भाँडोमा सानो चम्चा बेकिङ सोडा थप्दा नुनको ओसिलोपन कम हुन्छ।

**नुनलाई चिसो र सुख्खा ठाउँमा राख्नुहोस्**

नुनलाई सधैँ चिसो र सुख्खा ठाउँमा राख्नुहोस् । यसलाई भान्साको सिङ्क वा पानी नजिक जस्ता आर्द्रता भएको ठाउँहरूमा नराख्नुहोस्। यदि तपाईंको घर आर्द्रता प्रभावित क्षेत्रमा छ भने, तपाईंले नुनलाई प्लास्टिकको झोलामा बेरेर सुख्खा ठाउँमा राख्न सक्नुहुन्छ।

यति गर्दा पनि यदि तपाईंलाई नुन ओसिलो भएको महसुस भयो भने त्यसलाई हल्का तताएर सुकाउन सक्नुहुन्छ। एउटा प्यानमा नुनलाई धेरै कम आगोमा केही समय तताउनुहोस् ताकि त्यसबाट ओसिलोपन हटोयोस्। त्यसपछि जब नुन चिसो हुन्छ, तपाईं यसलाई आफ्नो कन्टेनरमा राख्न सक्नुहुन्छ।

माथि उल्लेखित उपायहरू पालना गरेर नुनलाई भिज्नबाट जोगाएर तपाईंले आफ्नो नुनको ताजापन र सुख्खापनलाई लामो समयसम्म कायम राख्न सक्नुहुन्छ। यी सरल विधिहरूले नुनको स्वाद मात्र कायम राख्दैन, यसलाई दीर्घकालीन प्रयोगको लागि सुरक्षित पनि राख्छ।



लटरम्म फलेको स्ट्राबेरी:
दाङको घोराही उप-महानगरपालिका-१५ स्थित भरतपुरमा कैलालीका दशरथ सावथले पन्ध्र कट्ठा भाडाको जग्गामा व्यावसायिक रुपमा गरेको स्ट्राबेरी खेतीमा लटरम्म फलेको स्ट्राबेरी फल। स्ट्राबेरी दाङमा प्रतिकिलो सात सय रुपैयाँको दरले बिक्री हुने गरेको छ। तस्विरः कुलदीप न्यौपाने/रासस

# उच्च अदालतको भवन निर्माण अन्तिम चरणमा



गलकोट । उच्च अदालत पोखरा बागलुङ इजलासको निर्माणाधीन उच्च अदालतको भवन ९० प्रतिशत सम्पन्न भएको छ। साढे छ तला आधुनिक र पूर्ण आपाङ्गतामैत्री भवनमा रङरोगनको काम भइरहेको छ।

अदालतको भवन २०७२ सालको भूकम्पले क्षतिग्रस्त बनाएको थियो । विसं २०७९ मङ्सिर १६ गते ३० महिनामा सम्पन्न गर्नेगरी रु ५७ करोडमा ठेक्का सम्झौता भएको थियो ।

उक्त भवन गण्डकी प्रदेशको नमुनामध्येमा पर्ने उच्च आदलत पोखरा बागलुङ इजालसले जानाएको छ। दुई वटा विद्युतीय भऱ्यायाङसहित नमुना भवनको हालसम्म ९० प्रतिशत भौतिक र ८० प्रतिशत आर्थिक प्रगति भएको इजालसका रजिष्ट्रार रामबहादुर थापाले जानकारी दिए । उहाँका अनुसार सम्झौताअनुसार निर्माण भइरहेकाले निर्धारित समयभित्रै भवन हस्तान्तरण गर्ने निर्माण व्यवसायीले कार्यतालिका पेस गरेका छन् ।

"कार्यप्रगति सन्तोषजनक छ, जेठभित्रै सेवा दिने हाम्रो तयारी छ, निर्माण व्यवसायीले ३० महिनाभित्र बुझाउँछु भनेर काम गरिरहेका छन् । अहिले तीन वटा आवास गृह र मुख्य भवनमा फर्निचर, रङरोगनको काम भइरहेको छ", रजिष्ट्रार थापाले भने-"आर्थिक अभावका कारण बिचमा निर्माण सुस्त भए पनि अहिले १२ घण्टा काम भइरहेको छ, सुरुमा दिन र रातगरी भवनको ढलान भएको थियो ।" भवन निर्माणका लागि अत्याधुनिक उपकरण प्रयोग गरिनुका साथै दिन र रातमा दुई चरणमा काम भएकाले समय सीमाभित्रै सम्पन्न हुने निर्माण कम्पनीले जनाएको छ।

निर्माण व्यवसायीको प्रतिनिधि महेन्द्र पौडेलका अनुसार समयभित्रै काम सक्न कम्पनीका प्रतिनिधि र कामदारले दैनिक १२ घण्टा काम गरिरहेका छन्। "यति ठूलो भवन ३० महिनामा सक्नु चुनौतीपूर्ण हो, तर हामीसँग प्रविधि र जनशक्ति दुवै भएकाले सम्भव छ । दिनमा मात्रै काम गरे पाँच वर्ष लाग्थ्यो, रातमा ढलान गरेका थियौँ, ३० महिनाअगावै अदालतलाई भवन बुझाउने तयारी छ", उनले भने-"निर्माणका लागि आवश्यक कच्चा सामग्री भवन परिसरमा 'रेडिमिक्स'को सहायताबाट तयार पारी प्राविधिक जाँच गरेर ढलान गरिएको छ ।" उच्च अदालतले हाल जिल्ला अदालतको भवनबाट सेवा दिइरहेको छ । निर्माणाधीन सो भवनमा छ वटा अत्याधुनिक इजलास कक्ष रहनेछन्। अन्डरग्राउण्डसहित साढे छ तलाको उक्त भवनसँगै अथिति गृह, न्यायाधीस, रजिष्ट्रार र कर्मचारी आवाससमेत गरी तीन ब्लकमा निर्माण गरिएको छ।

सात रोपनी जग्गामा निर्माण भइरहेको उक्त भवन प्रविधिमैत्री, अपाङ्गतामैत्री, भूकम्प प्रतिरोधीका साथै साविक धौलागिरि अञ्चलका चार जिल्लामध्ये सबैभन्दा ठूलो र आधुनिक हुने सघन सहरी तथा भवन निर्माण कार्यालयले जनाएको छ।

# विश्व शान्तिको कामना गर्दै लुम्बिनीमा सात हजार दीप प्रज्ज्वलन



बुटवल । विश्व शान्तिको कामनासहित बुद्धजन्मस्थल लुम्बिनीमा सात हजार दीप प्रज्ज्वलन गरिएको छ । चौथौ त्रिपिटक पाठ समारोहको समापनलगत्तै शनिबार साँझ केन्द्रीय नहरको मध्यभागमा अवस्थित लुम्बिनी स्क्वायरमा सात हजार दीप प्रज्ज्वलन गरिएको हो ।

धम्मकाय फाउन्डेसनले भिक्षु-भिक्षुणी, लामा गुरु, आनी, उपासक उपासिका र प्रवजित भएका पाँच सय जना अल्पकालीन भिक्षुहरूको सहभागितामा शान्ति र सौहर्दताका लागि दीप प्रज्ज्वलन गरिएको हो । नेपालको झण्डा केन्द्रभाग मानी धम्मचक्रको आकार आउने गरी गरिएको दीप प्रज्ज्वलनको अखिल नेपाल भिक्षु महासङ्घका अध्यक्ष धम्मशोभन महास्थविरले शुभारम्भ गरेका थिए । लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाले बुद्धजन्मस्थल लुम्बिनीमा दीप प्रज्ज्वलन गरी विश्व शान्ति र प्राणी जगतको कल्याणको कामना गर्नु आफैँमा महत्त्वपूर्ण भएको बताए। उनले बुद्धका उपदेशहरूलाई यस्तै आध्यात्मिक कार्यक्रमबाट विश्वभर फैलाउनुपर्नेमा जोड दिए।

कार्यक्रममा थाईधम्मकायका सल्लाहकार डा. अदिसकले बुद्धको शिक्षाले विश्वबन्धुत्व र एकतालाई जोड दिएको बताउँदै दीपले आन्तरिक र बाह्य ज्ञानलाई प्रतिविम्बन गरेको बताए । यसैगरी कार्यक्रममा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्रीका सल्लाहकार रोशनी गिरी, अखिल नेपाल भिक्षु महासङ्घका सचिव भिक्षु निग्रोध महास्थविर, लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति डा.सुवर्णलाल बज्राचार्यले दीपको प्रकाशजस्तै बुद्धको उपदेशले पनि अँध्यारो चिर्दै जाने बताएका थिए।

सकियो त्रिपिटक पाठ

बुद्धजन्मस्थल लुम्बिनीमा सञ्चालित चारदिने चौथो अन्तरराष्ट्रिय त्रिपिटक पाठ सकिएको छ । अखिल नेपाल भिक्षु महासङ्घको आयोजना तथा लुम्बिनी विकास कोषसहित विभिन्न संस्थाको सहआयोजनामा लुम्बिनीस्थित मायादेवी मन्दिर परिसरमा त्रिपिटक पाठ गरिएको हो ।

त्रिपिटक पाठको शनिबार लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले समापन गरेका हुन् । समापन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले बुद्धका उपदेशलाई विश्वभर फैलाउन आग्रह गरे। उनले बुद्धको शिक्षा र उपदेशलाई आत्मसात् गरी शान्ति, करुणा र सहअस्तित्वको भावना फैलाउन सकिने बताए।

कार्यक्रममा लुम्बिनी विकास कोषका उपाध्यक्ष डा.ल्हारक्याल लामाले लुम्बिनी बुद्धजन्मस्थल भएकाले विश्वभरका बौद्धमार्गीहरूको आस्थाको केन्द्र भएकाले यहाँ आउँदा बुद्धलाई साक्षात् भेटेजस्तो हुने बताए।

कार्यक्रममा अखिल नेपाल भिक्षु महासङ्घका अध्यक्ष भिक्षु धम्मशोभन महास्थविरले भगवान् बुद्धको उपदेश वैज्ञानिक र समयसापेक्ष रहेको जनाए। उनले बुद्धका उपदेशलाई चार दिनसम्म बुद्धजन्मस्थलमा पाठ गर्दा त्यसबाट सकारात्मक ऊर्जा पैदा गरेको जनाए।

यस्तै लुम्बिनी विकास कोषका सदस्यसचिव सानुराजा शाक्यले त्रिपिटक पाठले लुम्बिनीको पर्यटन प्रवर्द्धनसँगै बुद्ध शिक्षालाई अन्तरराष्ट्रियकरण गराउन महत्त्वपूर्ण योगदान दिएको बताए । कार्यक्रममा इन्टरनेसनल त्रिपिटक च्यान्टिङ कमिटीका संस्थापक उपासिका वाङ्मो डिक्सीले बुद्धको उपदेश लुम्बिनीमा बसेर पाठ गर्न पाउनु जीवनकै अमूल्य उपलब्धि भएको जनाए।

कार्यक्रममा अखिल नेपाल भिक्षु महासङ्घका सचिव भिक्षु निग्रोध महास्थविर, लुम्बिनी होटल व्यवसायी सङ्घका वरिष्ठ उपाध्यक्ष लीलामणि शर्मालगायतले बुद्धका उपदेश विश्वभर फैलाउन यस्ता कार्यक्रम महत्त्वपूर्ण हुने बताए। उक्त अवसरमा त्रिपिटक कार्यक्रमका लागि सहयोग गर्नेहरूलाई सम्मान पनि गरिएको महासङ्घका प्रचार संयोजक भिक्षु बिमलो महास्थविरले जानकारी दिए।

गौतम बुद्धले ४५ वर्षसम्म निरन्तर प्रदान गरेको ज्ञान एवं धर्म देशनाको त्रिपिटकमा सङ्गहित गरिएको छ। त्रिपिटक पाठ समारोहमा भिक्षु भिक्षुणी, लामा, आनी, उपासक उपासिकासहित चार सय बढीको सहभागिता थियो।

# सालका रूख जोगाउन वन संवर्द्धन कार्यक्रम



बाँके । जिल्लाका सामुदायिक तथा चक्ला वनमा साल, अस्ना, कर्मालगायत प्रजातिका रुख जोगाउन वन संवर्द्धन प्रणाली अवलम्बन गरिएको छ। कुकाठका रुखले वन भरिएपछि डिभिजन वन कार्यालयले जिल्लाका २४ सामुदायिक वन र एउटा चक्ला वनमा ती प्रजातिको संरक्षण गर्न वन संवर्द्धन प्रणाली सुरु गरेको हो ।

शम्शेरगञ्ज माथेबस चक्ला वनको दुई हजार पाँच सय ७८ हेक्टर र त्रिशक्ति सामुदायिक वनसहित २४ वटा सामुदायिक वनका पाँच हजार आठ सय २५ हेक्टर क्षेत्रफलमा वन संवर्द्धन प्रणाली लागू गरेर सालका रुखका साथसाथै अन्य रुख बढाउने काम भइरहेको जिल्ला वन कार्यालयका प्रमुख शङ्करप्रसाद गुप्ताले जानकारी दिए।

कार्यालयले दुई हजार दुई सय हेक्टर नयाँ चक्ला वन विस्तार गर्ने कार्ययोजना बनाएको उनले बताए । वन संवर्द्धन प्रणाली लागू गरेपछि साल प्रजातिबाहेक अन्य रुखका संरक्षण हुने विश्वास गरिएको छ। "यसको उद्देश्य सालका प्रजातिसँगै अन्य जातका प्रजातिलाई पनि जोगाएर वन क्षेत्रको संरक्षण गर्नु हो।"-उनले भने।

जिल्ला वन कार्यालयका सूचना अधिकारी टङ्कबहादुर गुरुङले सामुदायिक वनका उपभोक्ताले सो प्रणालीबाट प्रशस्त मात्रामा लाभ लिएको उल्लेख गर्दै काठ र दाउरा पनि प्रशस्त उपभोग गरेको बताए। "यस प्रणालीबाट कतिपय ठूला सामुदायिक वनले त वर्षमा रु एक करोड हाराहारीमा आम्दानी गरिरहेका छन् ।"-उनले भने।

सूचना अधिकारी गुरुङले सो प्रणालीबाट पिपल, वर, बेल र चराका बासस्थान (गुँड) हुने प्रजातिका रुखको समेत संरक्षण गरिएको जानकारी दिँदै ८० प्रतिशत सालका रुख र २० प्रतिशत अन्य रुखको संरक्षणमा जोड दिइएको बताए । दुई वर्षअघिबाट मात्र बाँकेमा वन संवर्द्धन प्रणाली सुरु भएको थियो।

जिल्ला वन कार्यालयका अनुसार जिल्लामा एक सय १९ वटा सामुदायिक, चार धार्मिक, एक सय चार निजी र एउटा चक्ला वन रहेको छ । डिभिजन वन कार्यालय बाँकेले श्रीखण्ड प्रजातिको बिरुवा संरक्षणका लागि निःशुल्क बिरुवा वितरण गर्न थालेको छ। सूचना अधिकारी गुरुङले यस वर्ष १८ हजार बिरुवा उत्पादन गरेर वितरण गर्ने योजना रहेको जानकारी दिए। उनले यस वर्षदेखि नै ती बिरुवाको निःशुल्क वितरण हुने उल्लेख गरे।

### कुलमानले...

यस्तै कुलमानले डेडिकेटेड फिडर र ट्रंकलाइन विवादमा मन्त्रालयको निर्देशन नमानेको भन्ने मन्त्रालयको प्रश्नमा ७ बुँदाबाट आफ्नो सफाई बुझाएका छन्।

घिसिङले नेपाल विद्युत् प्राधिकरण ऐन २०४१ बमोजिम कार्यकारी निर्देशकले पालना गर्नुपर्ने आफ्नो काम र कर्तव्य पालना नगरेकोले पदबाट किन नहटाउने भन्नेबारे समेत विभिन्न बुँदा र उपबुँदामा जवाफ दिएका छन्।

साथै घिसिङले सफाइ माग गर्ने कारबाही समेत त्रुटिपूर्ण रहेको दाबी गरेका छन्। घिसिङले भनेका छन्-'सरकारको २१ गतेको सफाइ पेस गर्नेसम्बन्धी निर्णयअनुसार मेरो नियुक्ति रद्द गर्ने तथा पदबाट हटाउनेलगायतका पत्रमा उल्लिखित कुनै पनि कारबाही हुन नपर्ने व्यहोरा निवेदन गर्दछु।'

### राजावादीको...

उनले राप्रपाका सांसदहरूले पाएको भोटको आधारमा सडकमा मान्छे नआएको टिप्पणी गरे।

**लागि नवीन समझदारी गरौं : मिश्र**

राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रले राजनीतिक दलहरुलाई राजसंस्थासहितको प्रजातन्त्रका लागि नवीन समझदारी गर्ने प्रस्ताव गरेका छन् । यदि राजसंस्था पुनर्स्थापनको आवाजलाई दबाउन खोजेमा नसोचेको परिस्थिति उत्पन्न हुने उनले चेतावनी दिए।

यो देशको भविष्य र अहिलेको दुरावस्थालाई हेरेर देशलाई नवीन समझदारीमा लैजानै पर्ने मिश्रको तर्क छ।

देशको भविष्य संकटमा छ, नेपाल संसारकै भ्रष्ट देशमा गनिएको छ भन्दै देशमा एउटा एकताको प्रतीक, अस्मिताको प्रतीक र सार्वभौमसत्ता, न्यायको प्रतिकका रूपमा राजनीतिभन्दा माथि राजसंस्था आवश्यक रहेको तर्क गरे।

देशका विभिन्न सहरहरूमा अहिले स्वतःस्फूर्त रूपमा जनताराजसंस्थाको पक्षमा सडकमा उत्रिएको मिश्रले बताए । तर, ठूला पार्टीका ठूला नेताहरूले अझैं पनि गिज्याउने गरेको उनको गुनासो छ।

'सरकारले दमन गर्न खोजिरहेको छ। उहाँहरूलाई निवेदन गर्न चाहन्छु, हालै सिरिया, श्रीलंका, बंगलादेशमा के भयो ? शासकले जनताको आवाजलाई दमन गर्न खोज्दा, केही होइनभन्दा आफैँ भाग्नुपर्ने अवस्था आयो कि आएन ? ठूलो जनधनको क्षति भयो । त्यसैले यस्तो आवाजलाई न्यूनीकरण नगरौं।'

विगतमा राजाहरूले सानो क्षति हुनासाथ छोडिदिएको मिश्रले स्मरण गरे।


बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही

**वोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति :-२०८१/११/२६)

बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१।०९।२३ मा प्रकाशित देहायको कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार म्यादभित्र दर्ता हुन आएको तपशिल बमोजिमको बोलपत्र स्वीकृत हुने प्रक्रियामा रहेको हुंदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| ठेक्का नं. | कामको विवरण | ठेक्का कबोल गर्ने फर्मको नाम ठेगाना | कबोल अंक भ्याट सहित |
|---|---|---|---|
| 17/081/082/BSMC /Works/NCB | शान्तीपथ फुटपाथ सहितको नाली र सडक पिच पुनःनिर्माण कार्य बुटवल वडा नं. ०८ | श्री दास निर्मण सेवा, बुटवल ०८, रुपन्देही | रु.५४,४२,६५२.९३ |

खरिद इकाई
बुटवल उपमहानगरपालिका
नगर कार्यपापिलकाको कार्यालय



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय।

**कम्पनीको दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना।**

दर्ता नं. २२७२१२ मा दर्ता भएको आसे कन्स्ट्रक्सन प्रा.लि.को मिति २०८१/११/२५ मा सम्पन्न विशेष साधारण सभाले कम्पनीको दर्ता खारेजी गरी पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनिले कसैसँग ऋण लिएको वा सो कम्पनीले कसैलाई कुनै रकम तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा नियमानुसार उक्त कम्पनीको दर्ता खारेजी गरिने व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ।



**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फुल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# मणिमुकुन्दद्वारा ट्राफिक सचेतना




बुटवल । बुटवल-११ स्थित मणिमुकुन्द सेकेन्डरी स्कुल/कलेजले कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको सहभागितामा योगीकुटी चोकमा ट्राफिक नियमसम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ।

ट्राफिक प्रहरी योगीकुटी शाखासँग समन्वयन गरी विद्यालयले विद्यार्थी, शिक्षक र पैदलयात्रीहरुलाई ट्राफिक नियमबारे जानकारी गराएको हो । कार्यक्रममा सडक पार गर्दा सवारीसाधनको आवतजावतलाई हेर्नु पर्ने, जेब्रा क्रसको उचित प्रयोग, बाटो काट्दा जेब्रा क्रसभन्दा आकासेपुलको प्रयोग गर्दा हुने प्रभावकारीताबारे सचेत गराइएको थियो ।

बढ्दो सडक दुर्घटनालाई न्यूनीकरण गर्न र विद्यार्थीहरुलाई ट्राफिक नियमबारे ज्ञान दिने उद्देश्यले कार्यक्रम गरिएको विद्यालय संयोजक हरिप्रसाद पौड्यालले जानकारी दिए।

आगामी शैक्षिकसत्रदेखि विद्यालयको वार्षिक कार्यतालिकामा समावेश गरी मासिकरुपमा ट्राफिक नियमसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरी सुरक्षित यात्रामा योगदान दिने योजना रहेको विद्यालयका शिक्षक प्रकाश सुवेदीले जानकारी दिए।

विद्यालयका अतिरिक्त क्रियाकलाप संयोजक विशन क्षेत्रीले पाठ्यपुस्तकमा पढेका कुराहरुमात्र मानव जीवनका लागि पर्याप्त नहुने भएकाले व्यवहारिक ज्ञानका लागि विद्यार्थीहरुको सहभागीतामा नियमितरुपमा यस्ता कार्यक्रम गर्दै जाने बताए।

## अभिषेक चर्ज रजहर सुनगाभा सैनामैना गोल्डकपको फाइननलमा

सैनामैना । अभिषेक चर्ज रजहर रुपन्देहीको सैनामैनामा जारी सुनगाभा सैनामैना गोल्डकपको फाइननलमा प्रवेश गरेको छ। सैनामैना फुटबल रंगशालामा आइतबार भएको पहिलो सेमिफाइनल खेलमा घरेलु टोली मुर्गिया फुटबल क्लबलाई २-० गोलले हराउँदै अभिषेक चर्च फाइनलमा प्रवेश गरेको हो ।

जितको लागि अभिषेक चर्जको तर्फबाट विदेशी खेलाडी मार्टिनेसले एक्लै २ गोल गर्दै टिमलाई फाइनलमा पुऱ्याए। पहिलो हाफ गोल रहित बराबरीमा रोकिएको खेलमा ६८औं र ७८औं मिनेटमा विदेशी खेलाडी मार्टिनेसले लगातार दुई गोल गर्दै घरेलु मैदानमा आयोजक टिमलाई स्तब्ध बनाएका थिए । खेलको म्यान अफ दि म्याच बनेका मार्टिनेस नगद ५ हजार प्राप्त गरेका छन् ।

भोलि सोमबारको अन्तिम सेमिफाइनल खेल महावीर क्लब काठमाडौं र कपिलवस्तु ११ कपिलवस्तुबिच दिउँसो ३ बजे खेल हुने खेल संयोजक अशोक खड्काले जानकारी दिए।

मुर्गिया फुटबल क्लब, सैनामैनाको आयोजना तथा सैनामैना नगरपालिका, रुपन्देहीको संरक्षकत्वमा जारी प्रतियोगिताको विजेताले उपाधिसहित नगद ७ लाख र उपविजेताले ४ लाख प्राप्त गर्नेछन् ।

सुनगाभा पब्लिक स्कुल मुख्य प्रायोजक रहेको प्रतियोगिताको सेमिफाइनलमा पराजित हुने दुई टोलीलाई नगद ४०-४० हजार प्रदान गर्ने क्लबका अध्यक्ष प्रबिन भारीले बताए । प्रतियोगिताको फाइनल खेल फागुन २८ गते हुनेछ।

## महिलालाई स्वास्थ्य परामर्श र कानुन सिकाउँदै स्थानीय सरकार



पाल्पा । जिल्लाका दुई स्थानीय सरकारले महिलालाई स्वास्थ्य परामर्श तथा कानुनी शिक्षा र सीप सिकाउँदै आएका छन् । यहाँका रामपुर नगरपालिका र रैनादेवी छहरा गाउँपालिकाले महिलालाई स्वास्थ्य र कानुनी रुपमा ज्ञान प्रदान गर्नुका साथै आयआर्जनसँग जोड्न सीप सिकाउन थालेका हुन् ।

रामपुरले श्रमिक महिलालाई स्वास्थ्य परामर्श तथा कानुनी शिक्षा प्रदान गरेको छ । महिला दिवसका अवसरमा निर्माण क्षेत्रमा कार्यरत तथा अन्य पेसा र व्यवसायमा सक्रिय श्रमिक महिलालाई परामर्श तथा कानुनी शिक्षा प्रदान गरेको हो । नगरपालिकाले अगामी दिनमा पनि परामर्श र शिक्षा दिँदै जाने बताएको छ ।

नगरपालिकाका उपप्रमुख बालकुमारी थापाले अधिकांश महिलामा स्वास्थ्य सचेतना र कानुनी ज्ञान नहुँदा शारीरिक तथा मानसिक रुपमा समस्या भोग्नुपरेकाले उनीहरुलाई स्वास्थ्य परामर्शसँगै कानुनी शिक्षा प्रदान गरिएको बताइन् ।

उनले व्यवस्था परिवर्तन भए पनि अवस्था कस्तो छ भन्ने विषयमा महिला अनविज्ञ रहेको भन्दै उनीहरुलाई जानकारी गराउनु अहिलेको आवश्यकता रहेको औंल्याइन् । उप-प्रमुख थापाले महिला श्रमिकका समस्याका विषयमा नगर सरकार गम्भीर रहेको बताइन् ।

यस्तै रैनादेवीले ५० महिलालाई आयआर्जनमा जोड्ने गरी सीप सिकाउने भएको छ ।

गाउँपालिका अध्यक्ष रुक्माङ्गत भट्टराईले विपन्न र असहाय महिलालाई निःशुल्क सिलाइकटाइको सीप सिकाइ आयआर्जनमा जोड्ने बताए । उनले पालिकाभित्रका महिलालाई सिलाइकटाइ तालिम दिन थालिएको उल्लेख गरे । उनले भने-"पहिलो चरणमा ५० महिलालाई सिलाइकटाइसम्बन्धी तालिम दिन्छौं, पछि आवश्यकताअनुसार दिँदै जानेछौं ।" अध्यक्ष भट्टराईले महिलालाई उनीहरुको क्षमता, सीपअनुसारको काममा सहभागी गराउने प्रतिबद्धता व्यक्त गरे ।

उनले पालिकाभित्रका महिलाले केही न केही सीप सिकेर आयआर्जन गर्नसके सीपले जीवनस्तरमा सुधार ल्याउने र सानो लगानीमा पनि व्यवसाय गर्न सकिने भएकाले आर्थिक अवस्थामा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

पीएम कप क्रिकेटः

# लुम्बिनी, एपीएफ क्लब र कर्णालीको विजयी सुरुवात



भैरहवा। प्रधानमन्त्री (पिएम) कप पुरुष राष्ट्रिय एकदिवसीय क्रिकेट प्रतियोगिता सुरु भएकको छ। लुम्बिनी प्रदेशका तीन क्रिकेट मैदानमा एकैपटक आइतबार प्रतियोगिताका खेलहरु सुरु भएका हुन्। रुपन्देहीको भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको उद्घाटन खेलमा लुम्बिनी प्रदेशको क्रिकेट टिमले विजयी सुरुवात गरेको छ।

यस्तै, रुपन्देहीकै तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा भएको अर्को खेलमा नेपाल एपीएफ क्लब र दाङको लमहीस्थित देउखुरी अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको खेलमा कर्णाली प्रदेशले विजयी सुरुवात गरेको छ । लुम्बिनीका अजय चौहानले महत्वपूर्ण ५ विकेट लिएपछि लुम्बिनी प्रदेशले कोशी प्रदेशलाई २६ रनले पराजित गर्यो । लुम्बिनीले दिएको २ सय ९ रनको लक्ष्य पछ्याएको कोशी ४२ ओभर ४ बलमा १ सय ८२ रन बनाउँदा अलआउट भयो। कोशीका लागि सुजन थपलियाले सर्वाधिक ३५ रन जोडे । ओपनर चिराग साह ३१, सुवान गहतराज २९, साकिब हक २७ तथा कप्तान अंकित सुवेदी १८ रनमा आउट भए। लुम्बिनीका लागि अजय चौहानले ८ ओभर ४ बलमा ३२ रन खर्चिएर ५ विकेट लिए। रमेश कुर्मीले ३ तथा देव खनाल र कृष्ण कार्कीले समान १-१ विकेट हात पारे। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको लुम्बिनीले ४८ ओभरमा अलआउट हुँदै २ सय ८ रन बनाएको थियो । लुम्बिनीका लागि आकाश त्रिपाटीले सर्वाधिक ६६, नर सार्कीले ४५ तथा मिर्नाल गुरुङले ४३ रनको योगदान गरे। कोशीका लागि प्रकाश कार्की र दिपेश कंडेलले समान ३-३ तथा फिद्रोश अन्सारीले २ विकेट लिए। खेलमा लुम्बिनीका अजय चौहान प्लेयर अफ द म्याच बने।

यस्तै, रुपन्देहीको एक्स्ट्राटेक ओभलमा भएको अर्को खेलमा तीव्रगतिका बलर कमलसिंह ऐरीले ४ विकेट लिए पछि नेपाल एपिएफ क्लबले जित निकालेको छ। एपिएफले बागमती प्रदेशलाई १ सय रनले पराजित गरेको हो। १ सय ७५ रनको लक्ष्य पछ्याएको बागमती २८ ओभर २ बलमा सबै विकेट गुमाएर ७४ रनमा समेटियो । बागमतीका लागि शुभ कसांकार १६ रन बनाउनु बाहेकका अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्। एपिएफका लागि कमलसिंह ऐरीले ८ ओभर २ बलमा २७ रन खर्चिएर महत्वपूर्ण ४ विकेट लिए। कप्तान रोहितकुमार पौडेल र अमरसिंह राउटेलाले समान २-२ तथा अभिनाष बोहोराले १ विकेट हात पारे।

यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको एपिएफ ४४ ओभरमा १ सय ७४ रन बनाउनँदा अलआउट भयो । उसका लागि सन्दीप जोराले ६२ बलको सामना गर्दै २ चौकाको सहयोगमा सर्वाधिक ३७ रन जोडे । दीपक बोहरा २५ तथा कमलसिंहले १५ रनमा बनाउँदा प्भेलिएन फर्किए भने अमरसिंह २६ रनमा नटआउट रहे । बागमतीका लागि रिजन ढकालले ८ ओभरमा ३० रन खर्चिएर ५, नन्दन यादवले ३ र सूर्य तामाङले २ विकेट लिए। खेलमा कमलसिंह ऐरी प्लेयर अफ द म्याच भए।

यस्तै, दीपेन्द्र रावतको ७ विकेटको मद्दतमा सुदूरपश्चिम प्रदेशलाई पराजित गर्दै कर्णाली प्रदेशले विजयी सुरुवात गरेको छ । दाङको लमहीस्थित देउखुरी अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको खेलमा कर्णालीले सुदूरपश्चिममाथि ७९ रनको जित हासिल गरेको हो। कर्णालीले दिएको १ सय ५६ रनको लक्ष्य पछ्याएको सुदुरपश्चिम २१ ओभरमा ७६ रनमै समेटियो। सुदूरपश्चिमका लागि खडक बोहोराले सर्वाधिक २७ तथा किरण ठगुन्ना १३ रनमा आउट हुँदा शेर मल्ल भने १३ रनमा नटआउट रहे। कर्णालीका दीपेन्द्र रावतले ९ ओभरमा ३३ रन खर्चिएर ७ विकेट लिए। कप्तान दिवान पुनले २ विकेट हात पारे।

त्यसअघि टस जितेर ब्याटिङ रोजेको कर्णाली ४० ओभर ४ बलमा १ सय ५५ रनमा अलआउट भयो। कर्णालीका लागि अर्जुन घर्तीले ९४ बलमा ३ चौका र ३ छक्काको मद्धतमा सर्वाधिक ७१ रन जोडे। यस्तै, दिनेश अधिकारीले १७ तथा कप्तान दिवानले १२ रन बनाए । सुदूरपश्चिमका लागि हेमन्त धामीले ४, नारायण जोशीले २ तथा शेर मल्ल, भोजराज भट्ट र मिलन बोहोराले समान १ विकेट लिए। दीपेन्द्र प्लेयर अफ द म्याच भए।

# मोनिका युनिसेक्सले काठमाडौंमा शाखा विस्तार गर्दै




बुटवल । मोनिका युनिसेक्स सलुन एण्ड एकेडेमी १३औं वर्षमा प्रवेश गरेको छ । बुटवलको बीपीचोकमा रहेको उक्त एकेडेमीले आइतबार आफ्नो स्थापना दिवस विशेष कार्यक्रम गरी मनाएको छ।

कार्यक्रममा बोल्दै बुटवल उप-महानगरपालिकाकी उप-प्रमुख सावित्रादेवी अर्यालले मोनिका सलुन तथा एकेडेमी महिला उद्यमशीलताको नमूना भएको बताइन् । महिलाहरुले अवसर पाएमा जस्तो सुकै काम पनि गर्न सक्षम रहेको उप-प्रमुख अर्यालले बताइन्।

सञ्चालक मोनिका क्षेत्रीले गुणस्तरीय सेवा उपलब्ध गराएका कारण सबैको साथ र सहयोग पाएर आफू यहाँसम्म आएको भन्दै आगामी बैशाखभित्रै काठमाडौँको सामाखुशीमा शाखा विस्तार गर्न लागेको बताइन्। राजधानीका ग्राहकलाई थप गुणस्तरीय सेवा दिने उद्देश्यले शाखा विस्तार गर्न थालेको उनले जनाइन्। क्षेत्रीले वि.स. २०७० साल फागुन २५ गते बुटवलको अमरपथमा मोनिका ब्युटि केयर एण्ड कस्मेटिक सुरु गरेकी थिइन्।

उनले २०७९ सालमा बुटवलको बीपीचोकमा व्यवसाय सारेपछि मोनिका युनिसेक्स सलुन एण्ड एकेडेमी नामाकरण गरी सेवा दिन थालेकी थिइन्। गत साउनदेखि स्किन एण्ड हेयर लेजर क्लिनिकको सेवा समेत थप भएको छ।

बुटवलमा ब्युटिसियनले स्किन एण्ड हेयर लेजर गर्नेमा उनी पहिलो हुन् । हालसम्म ६ हजारभन्दा बढीले तालिम समेत लिएका उनको शैलुनमा १८ जनाले रोजगारी पाएका छन् । काठमाडौं शाखामा पनि १५ जनाभन्दा बढीले रोजगारी पाउने उनले बताइन्।

वार्षिकोत्सवमा कलाकारहरु बालचन्द्र बराल, शुसिला गौतम, एन्जिला रेग्मी, रेनुका भट्टराई, शुसिला श्रीपाली, नारायण बीपी परियार, मोडेल स्मारिका ढकाल, नारायणी खत्रीलगायतका राष्ट्रिय तथा स्थानीय कालाकारहरुले सहभागीलाई मनोरञ्जन दिलाएका एकेडेमीका म्यानेजर अनिल अर्यालले बताए।

वार्षिकोत्सवमा बुटवल उद्योग वाणिज्य संघका उपाध्यक्ष विमलराज भट्टराई, बुटवल ६ का वडाध्यक्ष लोकनाथ न्यौपाने, एकेडेमीका सञ्चालक गंगनबहादुर क्षेत्री लगायतको सहभागिता रहेको थियो।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२१३ मो.९८५७०३५३८०, ९८४७१२३१५७
E-mail:ideapressbtl@gmail.com




ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९८४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com